का.जि.प्र.का.द.नं. १००/०५१/५०

३ असार २०८१,
सोमबार
17 June 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १२५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# नेतृत्व दौडमा घनश्याम

माधव नेपाल र झलनाथ खनाल दुवै पूर्वप्रधानमन्त्री हुन् । दुवैले पार्टीको नेतृत्व गरिसकेका छन् । नयाँ पुस्ताको विश्वास लिएर यी दुई शीर्ष नेतालाई पन्छाउँदै नेतृत्व लिने दौडमा महासचिव घनश्याम भुसाल छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ असार ।

नेकपा एकीकृत समाजवादीको नेतृत्वका लागि तीन जना आकांक्षी देखिएका छन् । वर्तमान अध्यक्ष माधव कुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल ।

माधव नेपालको नेतृत्वमा तीन वर्ष अगाडि नेकपा एमाले फुटेर नेकपा एकीकृत समाजवादी बनेको थियो । पार्टी फुटाएर आएको र पार्टी बनाउने अभियानमै रहेको तर्कका साथ नेपाल नेतृत्वमा दोहोरिन चाहन्छन् ।

एमालेबाट विभाजन भएपछिको पहिलो महाधिवेशनबाट अध्यक्षमा दोहोरिएर प्रभाव र विरासत कायम राख्न जमर्को गरिरहेका नेपाललाई रोक्ने प्रयासमा छन् एकीकृत समाजवादीका सम्मानित नेता खनाल ।

तीन वर्षमा पनि पार्टी फुटको औचित्य पुष्टि हुने गरि नीति, कार्यक्रम, कार्यदिशा र सिद्धान्त अगाडि नसारेको भन्दै सम्मानित नेता खनालले नेतृत्व हत्याउन खोजेका छन् ।

खनाल र नेपाल दुवै पूर्वप्रधानमन्त्री हुन् । दुवैले नेकपा एमाले समेतको नेतृत्व गरिसकेका छन् ।

यो अवस्थामा नयाँ पुस्ता समेतको मतको आधारमा महासचिव घनश्याम भुसाल महाधिवेशनबाट नेतृत्वमा चुनिने दौडमा छन् । सके सर्वसम्मत नसके खनालको साथ लिएर भएपनि नेतृत्वका लागि प्रयास गर्ने खनालको राणनीति छ । खनाल पनि सके आफैं लड्ने नसके वा चुनाव हार्ने जस्तो देखे भुसाललाई अगाडि बढाउने मनस्थितिमा छन् । यसकारण पनि भुसाल नेतृत्वका लागि तिव्र लविङमा रहेका हुन् ।

भुसाललाई साथ दिनेमा पार्टीका नेताहरुमा सचिव रामकुमारी झाँक्री लगायत रहेको बताइन्छ ।

एकीकृत समाजवादीमा आउनु अगाडि भुसाल एमालेमा उपमहासचिव भुसाल थिए । उनी २०७९ साल पुष २९ मा नेकपा एकीकृत समाजएसमा प्रवेश गरेका थिए ।

एमालेमा रहँदा भुसाल नेपाल निकट भए थिए । तर, भुसालले एमाले विभाजनका बेलामा भने साथ दिएनन् । तत्कालीन एमालेभित्रको विवाद मिलाउन भनेर भुसाल सहितका नेताहरुले एमालेका अध्यक्ष केपी ओलीसँग १० बुँदे सहमति गरेका थिए ।

तर, भुसाल एमालेमा रहिरहन सकेनन् । एमालेको १० औं महाधिवेशनमा उपाध्यक्षमा भुसालले प्रतिपर्स्धा गरे । >>> पृष्ठ २ मा

## डेंगीबाट कसरी बच्ने ?

*बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।*

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दलीय वडाध्यक्षलाई बालेन चुनौती

काठमाडौं महानगरको आगामी वर्षको नीति तथा कार्यक्रममा प्रभाव जमाउने प्रयासमा नेपाली कांग्रेस र नेकपा एमालेबाट चुनाव जितेका वडाध्यक्षहरु छन् । यसमा मेयर बालेन शाह असहयोगी रहने देखेपछि उनीहरुले प्रतिवादमा नगरसभा बैठक नै बहिष्कार गरेका हुन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २ असार ।

नेपाली कांग्रेस र नेकपा एमालेबाट चुनाव जितेका काठमाडौं महानगरपालिकाका वडाध्यक्षहरुले आइतबार बसेको नगरसभा बैठक बहिष्कार गरेका छन् ।

आइतबार काठमाडौं महानगरपालिको १५ औं नगरसभाको दोस्रो बैठक बसेको थियो । जहाँ कांग्रेस र एमालेबाट चुनाव जितेका वडाध्यक्षहरु पनि सहभागी थिए ।

छलफलको कार्यसूचीमा गत जेठ ३२ गते काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहले नगर सभामा प्रस्ताव गरेको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीतिमाथि छलफल गर्ने विषय थियो ।

बैठकको सुरुमा मेयर शाहले वार्षिक नीति तथा कार्यक्रममाथि बोल्न चाहने सदस्यहरूलाई ५ मिनेटभित्र नाम टिपाउन समय दिए । लगत्तै कांग्रेस र एमालेबाट चुनाव जितेका वडाध्यक्षहरू बैठक बहिष्कार गरेर निस्किए ।




नेताहरुका अनुसार आइतबारको घटनाले मात्रै महानगरभित्रको राजनीति बुझिन्न । यसअघि पनि मेयर बालेनले राजनीतिक दल लक्षित दिने गरेका अभिव्यक्ति र नीति तथा कार्यक्रममा दलहरुले बढाउन चाहेको हस्तक्षेपलाई कारक मान्दछन् ।

काठमाडौं महानगरको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रभाव जमाउने प्रयासमा कांग्रेस र एमालेबाट चुनाव जितेका वडाध्यक्षहरु छन् । यसमा मेयर बालेन शाह असहयोगी रहने देखेपछि उनीहरुले प्रतिवादमा नगरसभा बैठक नै बहिष्कार गरेका हुन् ।

वडाध्यक्षहरुले बैठक बहिष्कार गरेपछि महानगरपालिका प्रमुख शाहले बैठक स्थगित गरे । >>> पृष्ठ २ मा

## भुलसुधार

**मध्यान्ह राष्ट्रिय दैनिकको अंक १२४ मिति २०८१ साल असार २ गते आइतबार प्रथम पृष्ठमा प्रकाशित 'प्रादेशिक बजेट : प्राथमिकतामा पुँजीगत खर्च' शीर्षकको समाचारमा प्राविधिक त्रुटिका कारण मधेश प्रदेशको बजेट ४३ अर्ब ८९ करोड २१ लाख हुनुपर्नेमा अन्यथा भएकाले भुलसुधार गरिएको छ । यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमा याचना गर्दछौं । -सं.**

## वैदेशिक रोजगार विशेष

# साउन १ देखि अनलाइन प्रणालीबाट वैदेशिक रोजगारीको मागपत्र प्रमाणीकरण गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले नयाँ आर्थिक वर्ष अर्थात साउन १ गतेदेखि विदेशस्थित नेपाली दूतावास तथा कुटनैतिक नियोगहरूले अनलाइन प्रणालीमार्फत वैदेशिक रोजगारीका लागि नेपाल आउने मागपत्र प्रमाणीकरण गर्ने बताएका छन् । कार्यभार सम्हालेको एक सय दिनमा गरेका कार्य प्रगतिको बारेमा जानकारी दिन आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री अर्यालले उक्त जानकारी दिएका हुन् ।

यूएईस्थित नेपाली दूतावासले गत जुन १० तारिकदेखि नै अनलाइनमार्फत मागपत्र प्रमाणीकरण गर्न शुरूवात गरेको विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा वैदेशिक रोजगार व्यवसायीहरुले तयारी नपुगेको भन्दै विरोध गरिरहेका छन् । मन्त्री अर्यालले साउदी अरब, कतार, मलेसिया तथा खाडीका अन्य सबै देशमा मागपत्र साउन १ गतेदेखि प्रमाणीकरण अनलाइनबाट गरिने बताए ।

नेपालका श्रम गन्तव्य मुलुकस्थित नेपाली दूतावासमा अनलाइन प्रणालीमार्फत मागपत्र प्रमाणीकरण नहुँदा रोजगारदाता कम्पनी र उनीहरूका प्रतिनिधिहरूले पटक-पटक दूतावासमा धाउनुपर्ने, कागजातको आधिकारिकता परीक्षण गर्न कठिनाइ हुने, बिनाकारण अतिरिक्त समय र लागत लाग्ने, काम पारदर्शी नहुनेजस्ता गुनासा आएकाले त्यसलाई सम्बोधन गर्न अनलाइन प्रमाणीकरण गर्न लागिएको उनले बताए ।

उनले अनलाइन प्रणालीमार्फत मागपत्र प्रमाणीकरण भएको अवस्थामा वैदेशिक रोजगारीमा गएका कामदार समस्यामा पर्दा श्रमिकको उद्धार तथा सहयोगमा सहज हुने बताए । मन्त्री अर्यालले जापान, दक्षिण कोरिया र इजरायलमा वर्कपर्मिट भिसामा कामदार पठाउने विषयमा अध्ययन भइरहेको भन्दै सकेसम्म छिटो निर्णयमा पुगिने बताए ।

अबको केही वर्षभित्र सीप नभएका नेपाली नागरिकलाई वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति नदिइने >>> पृष्ठ २ मा

## 'आइटी आर्मी'द्वारा ठग म्यानपावर र एजेन्टविरुद्ध भन्दै प्रदर्शन

**काठमाडौं/मस-** पूर्वमन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टीको आइटी आर्मीले वैदेशिक रोजगारीमा जाने युवाहरुसँग रसिद नदिइ लिएको अवैध रकम फिर्ता गराउन माग गर्दै आइतबार राजधानीको कालिमाटी सोल्टीमोड क्षेत्रमा प्रदर्शन गरेको छ ।

अलपत्र परेका नेपालीलाई उद्धार गर, ठग म्यानपावर र एजेन्टलाई कारबाही गर, बेरोजगारको व्यापार बन्द गर, पीडितलाई न्याय देऊजस्ता नारासहित काठमाडौंको कालिमाटीबाट निस्केको जुलुस सोल्टीमोडमा समापन भएको थियो । सोल्टीमोडबाट अगाडि बढ्न खोजेका प्रदर्शनकारीलाई प्रहरीले घेराबन्दी गरेर रोकेको थियो । वैदेशिक रोजगार पीडितलाई न्याय दिन तत्परता देखाउनुको सट्टा वर्तमान सरकार ठगीमा संलग्नहरूसँग मिलेर बेरोजगार नागरिकको व्यापार गर्ने कार्यमा लागेको आइटी आर्मीले आरोप लगाएको छ ।



# गरिबका कार्यक्रम अलपत्र

हरेक वर्षको बजेटमा गरिबी न्यूनीकरण, शून्य भोकमरी र निम्न तथा मध्यम आय भएका नेपालीहरुका नाममा कयौं कार्यक्रम सार्वजनिक हुने गरेको छ । तर गरिबका नाममा त्यस्ता कार्यक्रममा धनीको बोलवाला रहने गरेको छ ।

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २ असार ।

नेपाल जीवनस्तर २०७९/०८० अनुसार प्रतिवर्ष प्रतिव्यक्ति ७२ हजार ९ सय ८ रूपैयाँ भन्दा कम पैसा खर्च गर्ने व्यक्तिलाई गरिब परिभाषित गरिएको छ । यसैअनुसार अहिले नेपालमा २० दशमलव २७ प्रतिशत जनसंख्या गरिबीको रेखामूनी रहेको छ । यो तथ्यांकले पछिल्लो जनगणनाअनुसार झण्डै ६० लाख मानिस गरिबीको रेखामुनी छन् ।

नेपालको यति ठूलो जनसंख्याको नाममा वर्षेनि छुट्टाउने कार्यक्रम भने अलपत्र पर्ने गरेका छन् । सरकारले यो जनसंख्यालाई तथ्यांकमा मात्रै सिमित राखेको छ । निरन्तर चलिरहेका केही कार्यक्रममा पनि लक्षित वर्गसम्म नै नपुगी हराउने गरेको पाइन्छ ।

हरेक वर्षको बजेटमा गरिबी न्युनिकरण, शून्य भोकमरी र निम्न तथा मध्यम आय भएका नेपालीहरूका नाममा कयौं कार्यक्रम सार्वजनिक हुने गरेको छ । त्यस्ता कार्यक्रमका लागि अर्बौं रकम विनियोजन गरिन्छ । तर गरिबका नाममा त्यस्ता कार्यक्रममा धनीको बोलबाला रहने गरेको छ । >>> पृष्ठ २ मा



कर्णाली सरकार बजेट

# फोक्सुण्डो तालको संरक्षण तथा प्रवर्द्धनका लागि छैन कुनै योजना

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २ असार



कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ३१ अर्ब ४१ करोड ४१ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ। जसमध्ये पुँजीगततर्फ १८ अर्ब ७५ करोड ८ लाख ६८ हजार अर्थात ५९.७ प्रतिशत र चालुतर्फ ७ अर्ब ५७ करोड ५५ लाख अर्थात २४.१२ प्रतिशत रहको छ । अर्थमन्त्री महेन्द्र केसीले शनिबार प्रदेश सभाको दशौं बैठकमा बजेट प्रस्तुत गरेका थिए। उनले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को नारालाई सार्थक तुल्याउने उद्देश्यसहित बजेट ल्याइएको बताए । उनले ७ उद्देश्य, ७ प्राथमिकता र ७ रणनीतिक क्षेत्र निर्धारण गरी बजेट ल्याइएको बताए । साथै प्रदेशको गरिबी निवारण न्यूनीकरणमासमेत ध्यान दिइएको पनि उनले बताए। बजेट भाषणमा कर्णाली प्रदेशका अन्य जिल्लामा रहेका पर्यटकीय क्षेत्रहरुको गुरु योजना कार्यान्वयन गर्न बजेट विनियोजन गरिएपनि डोल्पाको फोक्सुण्डो तालको संरक्षण तथा प्रवर्द्धन गर्न कुनै योजना भने देखिएको छैन।

कर्णालीका अन्य पर्यटकीय स्थल मुगुको रारा ताल, सुर्खेतको बुलबुले ताल, काँक्रेबिहार, चौधान ताल र रुकुम पशिचमको स्यार्पु ताल बजेटमा समेटिँदा डोल्पाको फोक्सुण्डो ताल भने समेटिएन। यसरी मुख्य पर्यटकीय क्षेत्रलाई संरक्षण तथा प्रवर्द्धनका लागि कुनै योजना नराख्दा फोक्सुण्डो ताल ओझेलमा पर्ने देखिएको छ।

फोक्सुण्डो ताल नेपालकै गहिरो तालमध्येको एक ताल हो । जहाँ वर्षेनी हजारौंको संख्यामा पर्यटक भित्रिन्छन् । प्रदेश सरकारको बजेटमा फोक्सुण्डो ताल नसमेटिनु अहिले डोल्पावासीका लागि चिन्ताको विषय बनेको छ । डोल्पामा फोक्सुण्डो मात्रै नभइ अन्य ठूला ठूला तालहरु समेत रहेका छन् । डोल्पाको फोक्सुण्डो तालसहित जगदुल्ला ताल, सुनदह ताल, कुख्यन फालकसहित अन्य थुप्रै तालहरु छन्। जुन ताल कर्णाली प्रदेश सरकारको नजरमा नपर्दा अहिले पनि ओझेलमा परिरहेका छन् । त्यति मात्रै नभइ अहिले डोल्पामा विश्वकै सबैभन्दा अग्लो स्थानमा रहेको तालसमेत भेटिएको छ। यसको प्रमाणीकरणका लागि समेत प्रदेश सरकारसँग कुनै योजना देखिएको छैन । डोल्पामा दर्जनौं पर्यटकीय क्षेत्रहरु रहेका छन्, जुन अहिले प्रचार प्रसारको अभावमा कसैको नजर पर्न सकेको छैन। डोल्पाबाट प्रतिनिधित्व गर्दै प्रदेश सरकारमा दुई जना मन्त्री छन्। सरकारमा दुई जना मन्त्री हुँदासमेत डोल्पाका पर्यटकीय क्षेत्र नसमेटिनु निकै चिन्ताको विषय रहेको शे-फोक्सुण्डो गाउँपालिका वडा नं.८ का अध्यक्ष निमा लामाले बताए।

# शितगंगाको विकासका लागि सक्दो सहयोग गर्ने अध्यक्ष बोहोराको प्रतिबद्धता

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ असार



भारतीय जनता पार्टी सिद्धार्थ नगर जिल्लाका अध्यक्ष सुदन्सु बोहोराले शितगंगा नगरपालिका र सिद्धार्थ नगर जिल्ला बीचको सम्बन्धलाई प्रगाढ बनाएर अगाडि बढ्ने बताएका छन्।

अर्घाखाँचीको सुपादेउराली मन्दिरको दर्शन गर्न आएका बोहोरालाई शितगंगा नगरपालिका अर्घाखाँचीले गरेको स्वागत कार्यक्रममा बोल्दै उनले नेपाल सुन्दर देश रहेको र त्यसमा पनि अर्घाखाँचीको शितगंगा अति सुन्दर लागेको बताए । उनले शितगंगाको विकासका लागि आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाए।

बोहराले शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेल, उपप्रमुख गिता भाट, प्रमुख प्रशासकीय अधिकृत अर्जन शर्मालाई भारत सिद्धार्थ जिल्लामा भ्रमणको लागि औपचारिक निम्तो दिए। बोहराले शितगंगा नगरपालिकाको सिफारिस लिएर भारतमा उपचार गर्न जाने बिरामीहरुलाई ४० प्रतिशत छुटको व्यवस्था मिलाउने घोषणा समेत गरे।

कार्यक्रममा श्रोतगण नगरपालिकाका नगरप्रमुख रवि अग्रहवालले शितगंगा नगरपालिका र श्रोतगण नगरपालिकाबीच मितेरी साइनो कायम गरी विकास निर्माणका कामहरुमा अनुभव साटासाट गर्ने र श्रोतगण नगरपालिकाले शितगंगालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले नेपालको सुपादेउरालीको दर्शन गर्न धेरै भारतीय नागरिक आउन चाहेको भएपनि नेपालको कानूनी जटिलताले गर्दा सोचे जति धार्मिक पर्यटक आउन नसकेको बताए । स्वागत कार्यक्रममा शितगंगाका नगरप्रमुख पौडेलले शितगंगा नगरपालिका श्रोतगण नगरपालिकासँग सहकार्य गरेर विकास निर्माणका कामहरु गर्न प्रतिबद्ध रहेकोले आफुहरुले छिटै नै त्यस नगरपालिकाको भ्रमण गर्ने बताए।

पौडेलले भारतीय धार्मिक तथा अन्य पर्यटकहरुलाई अर्घाखाँचीमा भ्रमण गर्न आग्रह गर्दै नेपाल र भारत बीचको सम्बन्ध अझैं प्रगाढ बनाउनुपर्नेमा जोड दिए । भारती अधिकारीहरुलाई उपप्रमुख गिता भाट, प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा, जनप्रतिनिधि, कर्मचारीले स्वागत गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए । भेटघाटका क्रममा शितगंगा नगरपालिकाको विकास निर्माण, पर्यटन प्रवर्द्धन, मितेरी साइनो कायम लगायतका विषयमा छलफल भएको योजना अधिकृत नुमलाल खनालले बताए।

# हेल्पर अनिता बनिन् 'ग्रेडर अप्रेटर'



**सपना बोहरा/मध्यान्ह**
दाङ, २ असार

'मान्छेको आफ्नै खुट्टाको त भर हुँदैन । यो त गाडी हो, डर त लागि हाल्छ नि' बर्दियाकी अनिता चौधरीले ग्रडेरको ब्रेक दबाउँदै भनिन्। घोराही उपमहानगरपालिका वडा नं. ११ को पलासीपुरमा सडक पिच गर्नुपूर्व चौधरीले सडक ग्राभेल गर्नको लागि उनी ग्रेडर चलाउँदै थिइन्। सडकमा ग्राभेल गर्न ग्रेडर आफैंले चलाएर जाँदा उनलाई हेर्न मानिसहरुको जमात नै थियो । त्यो पनि घोराही उपमहानगरपालिकाकै रा.१ ग. ६४ नं. को ग्रेडर लिएर उनी गएकी थिइन्। 'मेडमले ग्रेडर चलाउनी, हामिले ढुंगा पन्छाउने, सम्याउने यस्तै छ' स्थानीय खिम बहादुर बस्नेतले भने, 'महिलामा यतिको आट चाहि हुनुपर्छ, हिम्मत ठूलो कुरा हो।' चौधरीले वडो होसियारसहित ग्रेडर चलाएकी थिइन्।

उमेरले उनी २५ कि मात्रै भइन्। उनले ग्रेडर चलाउन लागेको ६ वर्ष भइसकेको छ।

चौधरी १९ वर्षको हुँदा खाली समयमा भिनाजु मुक्तिनाथ चौधरीको ग्रेडर हेल्पर रुपमा सघाउँथिइन् । उनको भिनाजुले जलजला कन्स्ट्रक्सन घोराहीमा ग्रेडर अपरेटरको रुपमा काम गर्थे । हेल्परको रुपमा सघाउँदै आएकी चौधरीलाई ग्रेडरका पार्ट पूर्जा चिन्न र चलाउन सिक्न वर्ष दिन पनि लागेन । त्यसैक्रममा उनी जलजला कन्स्ट्रक्सनमा काम गर्दै थिइन् । उनी रोल्पामा ग्रेडर चलाउँदै थिइन्। घोराहीमा ग्रेडर अप्रेटरको आवश्यकता सम्बन्धी सूचना पाइन । उनी तुरुन्त आएर निवेदन दिइन् । सबै प्रक्रिया पुऱ्याएर छनौट भइन् । भिनाजुको हेल्पर भएकी उनी एकै वर्षमा ग्रेडर अप्रेटर बन्न सफल भइन्। यो सबै देन भिनाजुको रहेको उनी बताउँछिन्। ग्रेडर चलाउन भिनाजु मुक्तिनाथ चौधरीले नै सिकाएको उनले बताइन्।

घोराही उपमहानगरपालिकाले किनेर ल्याएको नयाँ ग्रेडर शुरुदेखि नै आफुले चलाएको उनले बताइन्। उनी घोराही उपमहानगरपालिकाको ग्रेडर अपरेटरको रुपमा काम गर्न लागेको पनि चार वर्ष बितिसकेछ । असारे विकासका काम धमाधम चलिरहँदा उनलाई खाना खाने, आराम गर्ने फुर्सद छैन । सडक निर्माणको क्रममा उनी ग्रेडर चलाएर पहाडि जिल्ला पनि पुग्छिन् । 'रिस्कको काम हो, अलि होसियार हुनु पर्छ' उनले भनिन्। काम गर्दा विद्युतको पोल र तारले बाधा पुऱ्याउने गरेको बताइन्। उनले कक्षा १२ को परीक्षा पनि दिएकी छिन्। 'पढाइ पनि अनिवार्य छ' उनले भनिन्, 'मुख्य कुरा इच्छाशक्ति हो, सबै कुरा सम्भव छ। के महिला ?, के पुरुष ? आँट हुनु पऱ्यो सबैले। सबै काम गर्न सक्छन्।'

उनले ग्रेडर अप्रेटर मात्र हैन, घरायसी व्यवहार पनि चलाउँदै आएकी छन् । उनको परिवारमा अहिले चार जना छन्। बुबा, आमा र भाइ अनि आफु। एउटा दाइ र अर्को भाइ विवाह गरेर छुट्टिसकेका छन्। आमा बुबाको पालन पोषण र भाइको हेर विचार, पढाइ खर्च उनले नै गर्दै आएकी छिन्। उनले आफ्नो पेशाप्रति खुशी भएको बताइन्।

### नेतृत्वको...

तर, एमाले अध्यक्ष ओलीको लिस्टमा नपरेपछि चुनाव हारे।

२०७९ को आमनिर्वाचनमा भुसाल रुपन्देहीबाट चुनाव लड्न चाहन्थे। एमाले अध्यक्ष ओलीले टिकट दिएनन्।

त्यसपछि भुसालले एमाले छाडे र स्वतन्त्र उम्मेदवारी दिए।

भुसाललाई माओवादी केन्द्रले तत्कालीन कांग्रेससहितको पाँच दलीय गठबन्धनमा आफूले पाएको सिट भुसालका लागि छोडेर समर्थन गरेको थियो। तथापि, एमाले सचिव छविलाल विश्वकर्मासँग पराजित भए।

चुनावपछि २०७९ साल पुष २९ गते भुसाल नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका हुन् । अब एकीकृत समाजवादीकै नेतृत्व गरेर अगाडि बढ्ने उनको चाहना छ।

एकीकृत समाजवादीको यही असार १६ गतेदेखि २० गतेसम्म महाधिवेशन हुँदैछ। समाजवादीमा १ सय २५ जिल्ला सदस्य बराबर एकजना महाधिवेशन प्रतिनिधि छानिने व्यवस्था छ। प्रतिनिधि छनोटको मुख्य कामपछि महाधिवेशनको तयारी र व्यवस्थापनमा लाग्ने पार्टीको तयारी छ।

नेताहरुका अनुसार महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरु केन्द्रीय कमिटीबाट पारित गरी छलफलका लागि पार्टी पंक्तिमा पठाइएको छ।

प्रतिनिधि निर्वाचनका लागि प्रदेश इञ्चार्ज, सहइञ्चार्जहरू तथा अध्यक्ष, जिल्ला इञ्चार्ज तथा सहइञ्चार्जहरू, जनसंगठनका इञ्चार्ज तथा सहइञ्चार्जहरू, केन्द्रीय विभागका प्रमुखहरू र केन्द्रीय कार्यालय सचिवले आ-आफ्नो कार्यक्षेत्रका निर्वाचनको अनुगमन गर्नेछन्।

### दलीय...

नेताहरुका अनुसार न्युरोडलाई 'नो भेकल जोन' बनाउने महानगरपालिका प्रमुख शाहको प्रस्ताव थियो । उक्त प्रस्तावलाई आइतबार बस्ने नगर सभामा पारित गर्ने तयारी गरिएको थियो। यस कारणले समेत दलीय प्रतिनिधिहरु भस्किएको बताइन्छ।

न्युरोडमा सडक काटेर फुटपाथ थप्ने महानगरपालिकाको योजनामा केही वडाअध्यक्षहरू असन्तुष्ट छन्। गत जेठ १८ गते बसेको महानगरपालिका ३२ औं नगर कार्यपालिका बैठकमा यही विषयमा झण्डै २५ मिनेट महानगर प्रमुख शाह र वडा अध्यक्षहरूबीच सवालजवाफ भएको थियो । महानगरपालिका वडा २२ का अध्यक्ष चिनीकाजी महर्जनले महानगरपालिकाले आफूखुसी न्युरोडलाई खण्डीकरण गरेको र यो काम तत्काल रोक्नू भन्दै प्रमुख शाहसँग आक्रोश पोखेका थिए।

वडाध्यक्षहरुले बैठक बहिष्कार गरेपछि महानगरपालिकाका प्रमुख बालेनले नगरसभामा कांग्रेस, एमालेको धङधडी बोकेर नआउनु भन्दै आक्रोश पोखेका छन्। उनले सामाजिक भनेका छन्, 'काठमाडौं महानगरको कुनै पनि नीति, योजना बारेमा छलफल बन्द कोठामा हुँदैन, जे हुन्छ, हरेक नागरिकले चासो गर्दा देख्न सकिने गरी हुन्छ, यही कारण हामीले नगरसभा लाइभ गर्ने गरेका हौं, नगरसभामा कोही पनि कुनै पार्टीको नेता र उपनेताका रूपमा रहँदैन।'

कार्यपालिकाका सदस्यहरुको हरेक निर्णयमा समान सहभागिता र स्वामित्व रहने उनको भनाइ छ।

'बन्द कोठामा केही नेताले राजनीतिक लेनदेन गरेर सहमति गर्ने अनि सार्वजनिक रूपमा चै त्यसको औपचारिकता मात्रै दिने काम काठमाडौं महानगर पालिकाले गर्दैन' अगाडि भन्छन्, 'काठमाडौं महानगरपालिकाको नगरसभामा कांग्रेस, एमालेको धङधडी बोकेर नआउनु होला।'

### साउन...

भन्दै मन्त्री अर्यालले वैदेशिक रोजगारमा जाने कामदारले मासिक न्यूनतम पाँच सय अमेरिकी डलर करिब ७० हजार रुपैयाँ पाश्रिमिक पाउनुपर्ने पक्षमा आफू रहेको उल्लेख गरे। त्यसका लागि आफूले पहल गर्ने उनले बताए।

त्यस्तै मन्त्री अर्यालले वैदेशिक रोजगारीमा गएर मृत्यु भएका श्रमिकका परिवारलाई दिँदै आएको क्षतिपूर्ति रकम ७ लाखबाट बढाएर १० लाख पुऱ्याउने तयारी रहेको पनि उल्लेख गरे।

पहिलोपटक २५ दिन मन्त्रालयको नेतृत्व गरेका मन्त्री अर्यालले यसपटक सय दिन नेतृत्व गरिसकेका छन्। उनले आफ्नो नेतृत्वमा श्रम क्षेत्रका विकृति अन्त्य, सामाजिक सुरक्षा प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा देखिने गरी काम भएको दाबी गरे। उनले अन्तर र्राष्ट्रिय श्रम संगठन (आइएलओ)को गभर्निङ बडीमा नेपालको प्रतिनिधित्व, भैंसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई उत्कृष्ट तालिम केन्द्रका रुपमा विकास र वैदेशिक रोजगारमा जाने कामदारलाई अतिरिक्त आर्थिकभार हुने गरी विगतमा गरिएका केही निर्णय तथा जारी भएका कार्यविधि खारेज, स्थगन तथा परिमार्जन प्रक्रिया अघि बढाइएको विषयलाई उपलब्धिका रूपमा उल्लेख गरे । तीनै तहका सरकार, निजी क्षेत्र र सरोकारवालाको सक्रिय सहभागितामा सातै प्रदेशमा रोजगार मेला आयोजना गरी नेपाली युवाहरु रोजगारीका लागि बाध्यात्मकरुपले विदेशिनुपर्ने अवस्थालाई अन्त्य गर्न देशभित्रै मर्यादित रोजगारी पाउने वातावरण सुनिश्चित गर्ने महत्वपूर्ण पहल थालेको पनि उनले बताए।

मन्त्री अर्यालले पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ लाई परिमार्जन गरी व्यवहारिक, बस्तुनिष्ट र समयसापेक्ष बनाउन सरोकारवाला पक्षसँगसमेत छलफल गरेर सुझाव पेस गर्ने गरी समिति गठन गरिएको र समितिले कार्य गरिरहेको बताए । तर प्रमुख सरोकारवाला पक्ष नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतामले सर्वोच्च अदालतले संशोधित अभिमुखीकरण तालिम सञ्चालन कार्यविधिअनुसार लगानी थप गरेका व्यवसायीलाई मर्का पर्ने वा उनीहरूलाई अयोग्य बनाउने गरी काम नगर्न यसअघि दिएको अन्तरिम आदेशको कुनै सम्बोधन नगरेको बताएका छन्।अध्यक्ष गौतमले कार्य प्रगतिको बुँदा नं ४.६ मा सरोकारवालासँग छलफल गरिरहेको उल्लेख गरेपनि कुनै औपचारिक छलफल नगरी कार्यविधि संशोधनमा लागिएको भन्दै पत्रकार सम्मेलनमा मन्त्री अर्यालले भ्रामक, कपोकल्पित र आधारहीन विवरण प्रस्तुत गरेर झुटको प्रचारप्रसार गरेको दाबी गरे । उनले सय दिनको अवधिमा मन्त्री अर्यालले अभिमुखीकरण व्यवसायप्रति पूर्वाग्रहपूर्ण व्यवहार देखाएको आरोप लगाए।

### गरिबका...

चालू आर्थिक वर्षको वार्षिक नीति कार्यक्रम र बजेटमा यसमध्ये पहिलो प्राथमिकता पी १ मा २ सय ४७ वटा कार्यक्रम छन् भने दोस्रो प्राथमिकता पी २ मा ५३ वटा कार्यक्रम रहेका छन्। यस वर्षका लागि ३ सय वटा वार्षिक योजना तथा कार्यक्रम मध्ये गरिबीको अन्त्यका लागि भन्दै ५ कार्यक्रम शून्य भोकभरीका लागि भन्दै १० वटा कार्यक्रम घोषणा गरिएको थियो । यी कार्यक्रमहरूमा गरिबी निवारण कोष, लघु उद्यम विकास कार्यक्रम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर, ग्रामीण स्वावलम्बन कोष, युवा तथा साना व्यवसायी स्वरोजगार कोषलगायत कार्यक्रममार्फत झण्डै एक वटा कार्यक्रम गरिबको नाममा आएका छन् । यी बाहेक पहिलो प्राथमिकतामा परेका अधिकांश कार्यक्रम निम्न तथा मध्म आय भएका घरपरिवारका नाममा रहेको पाइन्छ। गत आर्थिक वर्षमा पनि सरकारले गरिबी अन्त्यका लागि भन्दै २२ वटा कार्यक्रम र शून्य भोकमरीका नाममा ५८ वटा कार्यक्रम घोषणा गरेको थियो । सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि पनि नगरिबका नाममा झण्डै एक सय वटा कार्यक्रम घोषणा गरी पहिलो प्राथमिकतामा राखेको छ । शिर्षकअनुसार गरिबीको अन्त्यका लागि ७ वटा शून्य भोकभरीका लागि ५६ वटा कार्यक्रम तोकेको छ भने अन्य कतिपय कार्यक्रम पनि निम्न तथा मध्यम आय भएका घरपरिवारका नाममा रहेको पाइन्छ।

तर सरकार आफैले पी १ अर्थात् पहिलो प्राथमिकतामै राखेका अधिकांश आयोजना अलपत्र परेका छन्। पहिल्यैदेखि चलिआएका आयोजना बाहेक नयाँ सुरु हुने र तीव्र गतिमा अगाडि बढाउनुपर्ने कयौं आयोजना अहिलेसम्म सुरु नै हुन नसकेको सम्बन्धित मन्त्रालय स्रोत बताउँछ । चालू आर्थिक वर्षका लागि आएका ४५ देखि ५० प्रतिशत आयोजना तथा कार्यक्रमबारे अहिलेसम्म छलफल नै नभएको अर्थमन्त्रालयका अधिकारीहरू बताउँछन् । अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'आर्थिक वर्ष सहिन अब एक महिना बाँकी छ। अहिलेसम्म चलिरहेका आयोजनाको चालु पूँजीको निकासा भइरहे पनि विकास पुँजी गएकै छैन । नयाँ कार्यक्रम एकदमै कम मात्रै भएका छन् ।' गरिबका नामका कार्यक्रम लक्षित वर्गसम्म नपुगी बिचमै हराउने गरेको भन्दै महादलेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनले पनि वर्षेनी सचेत गराउने गरेको छ। महालेखा परीक्षकको ६१औं वार्षिक प्रतिवेदनलेगरिबी निवारण कोषण गरिब घर परिवार पहिचान लगायतका कार्यक्रमहरूमा खर्च मात्रै भएको उल्लेख गरेको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०२/०६ मा दर्ता भएको दर्ता नं. १८९६८८/०७४/०७५ को **सिमालय चुलुबु प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री म्यानपावर रिक्रुटमेन्ट नेपाल प्रा.लि. (इ.प.नं. ११३१)** को साविक ठेगाना **काठमाडौं जिल्ला, का. म. न. पा., वडा नं. ०३** लाई परिवर्तन गरी **बुढानिलकण्ठ न. पा. वडा नं. ०८** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## साउदीमा रोजगार

कम्पनी : WARDA AL JOUF CONTRCTING EST
शहरः Saudi Arabia,Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०३/०२ | चलानी नं.: ६०२२१२८५ | L.T. No.: 306668

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BASIC WALL COATING FACTORY
शहरः Saudi Arabia,Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०३/०२ | चलानी नं.: ६०२२१२८६ | L.T. No.: 306669

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अल रायन इन्टरप्राइजेज प्रा. लि.
श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोनः०१-४४१२१७१
मोः ९८५१०६०१८५, Email: alryanktm@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : DAR ALTEEB COMPANY FOR PERFUMES AND COSMETICS
शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०२/३२ | चलानी नं.: ६०२२१२०१ | LT. No.:306457

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Worker | 2 | 10 | स. काममा दक्ष | 110 | ४७,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

New S.V. International Pvt. Ltd.
Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977-01-5913575. Mobile No: 9704338375.
E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL DAM AL MUHTARAF CO. OPERATION AND MAINTENANCE | शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/०२ | चलानी नं.: ६०२२१२७५ | LT. No.: 306576

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः AL DAM AL MUHTARAF CO. OPERATION AND MAINTENANCE | शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/०२ | चलानी नं.: ६०२२१२७४ | LT. No.: 306577

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.
श्रम इजाजत नं. ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Refrigerator | 596*690*1260 | HITECH | HS-225 CBL | 225L | INDIA | PCS | 27500.00 | 27500.00 | |
| २ | Refrigerator | 596*690*1260 | HITECH | HS-225 CML | 225L | INDIA | PCS | 27500.00 | 27500.00 | |
| ३. | Refrigerator | 596*690*1350 | HITECH | HS-245 CML | 245L | INDIA | PCS | 29200.00 | 29200.00 | |
| ४. | Refrigerator | 596*690*1260 | ROWA | RS-225 CML (P) | 225L | INDIA | PCS | 27500.00 | 27500.00 | |
| ५. | Refrigerator | 596*690*1260 | ROWA | RS-225 CBL (P) | 225L | INDIA | PCS | 27500.00 | 27500.00 | |
| ६. | Refrigerator | 596*690*1350 | ROWA | RS-245 CML (P) | 245L | INDIA | PCS | 29200.00 | 29200.00 | |
| ७. | Refrigerator | 540*580*1050 | HITECH | HS-180 SDR | 180L | INDIA | PCS | 23500.00 | 23500.00 | |
| ८ | Refrigerator | 540*580*1050 | HITECH | HS-180 SDB | 180L | INDIA | PCS | 23500.00 | 23500.00 | |
| ९ | Refrigerator | 540*580*1050 | HITECH | HS-175 LMF | 175L | INDIA | Pcs | 24200.00 | 24200.00 | |
| १० | Refrigerator | 540*580*1050 | HITECH | HS-175 LBF | 175L | INDIA | Pcs | 24200.00 | 24200.00 | |
| ११ | Refrigerator | | HITECH | HS-181 HMF | 181L | INDIA | Pcs | 24400.00 | 24400.00 | |
| १२ | Refrigerator | | HITECH | HS-181 HBF | 181L | INDIA | Pcs | 24400.00 | 24400.00 | |
| १३ | Refrigerator | | HITECH | HS-205 HMF | 205L | INDIA | Pcs | 25900.00 | 25900.00 | |

जे एन इण्डस्ट्रीज प्रा.लि.
संतुगल, काठमाडौं

स्थायी लेखा नं ६०१८५६५५८
फोन नं ९८०१२३५०८०

# योजनाहरुमा कुनै पनि हेरफेर गरिएको छैन : मन्त्री पाल

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २ असार



सुदुरपश्चिम प्रदेशका आर्थिक मामिला मन्त्री सुरेन्द्र पालले आफुले मन्त्रालयको जिम्मेवारी आएको दिनबाट योजनाहरुमा कुनै पनि हेरफेर नगरेको बताएका छन् । साथै मन्त्री पालले योजना तथा बजेट साउनबाट कार्यान्वयनमा ल्याउने बताए ।

शनिबार बजेट प्रदेशसभामा प्रस्तुत गरेपछि आइतबार मन्त्रालयमै आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्री पालले बजेट कार्यान्वयनको प्रक्रिया साउनबाटै शुरु हुने बताए ।

विगतमा बजेट खर्च निकै कम हुने र जेठ असारमा मात्रै खर्च हुने परम्परा देखिएपनि अब त्यो परम्परालाई कम गर्दै लैजाने उनको भनाइ थियो । बजेट कार्यान्वयनलाई महत्वका साथ हेरिने उनको भनाइ छ ।कुल ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार बजेट ल्याएको प्रदेश सरकारले आन्तरिक आम्दानीको लक्ष्य भने निकै कम लिएको छ । आम्दानीमा भने प्रदेश सरकारबाट प्राप्त हुने राजश्व निकै न्यून छ । प्रदेश सरकारले १ अर्ब ६० करोड ७० लाख १५ हजार आन्तरिक राजश्वबाट आम्दानी हुने लक्ष लिएको छ । यो कुल बजेटको ४.२६ प्रतिशत हो । संघीय सरकारबाट बजेटको ७० प्रतिशत अनुदान उपलब्ध हुने सरकारले लक्ष्य राखेको छ । कुल बजेटबाट ६ अर्ब १५ करोड ८३ लाख ५८ हजार रुपयाँ बचत हुने सरकारको अनुमान छ ।

पालले ९ जिल्लामा ९ उद्योग स्थापना, ३२ निर्वाचन क्षेत्रमा एउटा सामुदायिक विद्यालयलाई नुमना बनाउने कार्य, ९ वटै जिल्लामा कृषिका प्याकेजहरु, प्रदेश मातहतका अस्पतालहरुमा बजेट बढाएको बताए । प्रदेश सरकारले सडक पूर्वाधारमा सबैभन्दा बढी बजेट विनियोजन गरेको छ । शनिबार प्रदेशसभामा प्रस्तुत भएको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकासतर्फ राखिएको छ ।

आगामी वर्ष प्रदेशमा सडक पूर्वाधारको विकास गर्न पाँच अर्ब ६८ करोड बजेट विनियोजन गरेको छ । हालसम्म सडक सुविधा नपुगेको बझाङको साइपाल, बैतडीको सिगास र दार्चुलाको अपी हिमालमा सडक सञ्जाल जोड्ने सडकलाई प्राथमिकता दिइएको बजेटमा उल्लेख गरिएको छ । सरकारले ऊर्जा र सिँचाइ क्षेत्रमा तीन अर्ब ६१ करोड बजेट विनियोजन गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत १३ अर्ब ३५ करोड बजेट छुट्याएको छ ।

सरकारले ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजारको बजेट ल्याएको थियो । सुदूरपश्चिममा चालुतर्फ ११ अर्ब ७ करोड १९ लाख ६३ हजार विनियोजन गरिएकोमा पूँजीगततर्फ भने १६ अर्ब ५३ करोड ८ लाख विनियोनज गरिएको छ । आन्तरिक राजश्व परिचालनतर्फबाट १ अर्ब ६० करोड, राजश्व बाँडफाँडतर्फबाट ९ अर्ब ९९ करोड, संघीय रोयल्टी बाँडफाँडबाट ४ अर्ब ४० लाख, समानीकरण अनुदान ८ अर्ब ७२ करोड, ससर्त अनुदान ३ अर्ब १३ करोड, संघीय समपूरक अनुदान १ अर्ब ४२ करोड र विशेष अनुदानबाट ५५ करोड बजेट अनुमान गरिएको छ । आर्थिक मामिला मन्त्री पालले चालु आर्थिक वर्षको विनियोजन बजेटबाट ६ अर्ब १५ करोड रकम बचत हुने बताए ।

## नगर प्रहरी छनोट प्रक्रिया निष्पक्ष नभएको आरोप



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २ असार

चन्दननाथ नगरपालिकाले नगर प्रहरी भर्ना छनोट गर्न निष्पक्ष नगरेको आरोप लागेको छ । चन्दननाथ नगरपालिका वडा नं.२ का अध्यक्ष हेम बुढ्थापाले आइतबार ध्यानाकर्षण पत्रसहित पत्रकार सम्मेलन गरी उक्त आरोप लगाएका हुन् ।

नगरपालिकाको छनोट समितिले शुक्रबार नगर प्रहरी छनोटको अन्तिम नामावली प्रकाशन गरेपछि उक्त छनोट प्रक्रिया निष्पक्ष नभएको अध्यक्ष बुढ्थापाले बताए । पत्रकार सम्मेलनमार्फत वडा अध्यक्ष बुढ्थापाले चन्दननाथ नगरपालिकाले गत मंसिर ९ गते १५ सिट नगर प्रहरीका लागि सूचना आह्वान गरेको बताए ।

त्यस्तै नगर प्रहरीको लागि शारीरिक परीक्षणको जिम्मा सशस्त्र प्रहरीलाई नगरपालिकाले दिइएको थियो । नगरपालिकाले त्यो बाहेकका सबै प्रक्रिया आफैं नगरेको सशस्त्र प्रहरी बल जुम्लाका एसपी लाल बहादुर शाहीले बताए ।

विभिन्न चरण पार गरिसकेपछि अन्तरवार्ता समेत पुग्दा विभिन्न जालझेल, षड्यन्त्र गरी सफल भएका उम्मेदवारलाई हटाइ एकलौटी रुपमा आफ्नो मान्छे राख्ने ध्येयका साथ अन्तिम नतिजा प्रकाशित गरेको वडाध्यक्ष बुढ्थापाले आरोप लगाए ।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ,'चन्दननाथ नगरपालिकामा गठित पदपूर्ति समितिले नगरप्रहरीको विज्ञापनमा गरेको एकलौटी निर्णयले अन्तिम नतिजाको निष्पक्ष, पारदर्शिता नभएको प्रश्न खडा गरेको छ । छानविन समिति गठनको जोडदार माग गर्दछु ।'छानविन गठन नगरेको खण्डमा चन्दननाथ नगरपालिका वडा नं.२ को सम्पूर्ण काम कारवाही तथा नगरपालिकाको अनुगमन समितिको सदस्यबाट हुने अनुगमनका कुनै पनि काममा सहभागी नहुने बताएको छ ।


## CYPRUS मा रोजगार | कम्पनी: ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT
शहर: LIMASSOL

पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६६७१ L.T. No.: 301581 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 0 | 1 | सम्बन्धित काममा दक्ष | 800 | ११४२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeper | 0 | 3 | | 700 | ९९९३२ | | | | | | | |
| 3. | Kichen Helper | 0 | 2 | | 700 | ९९९३२ | | | | | | | |
| 4. | Waiter/waitress | 0 | 2 | | 700 | ९९९३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 203/057/058
KALINCHWOK MANPOWER PVT. LTD.
G.P.O. Box: 12447, Dhumbarahi Marg, Kathmandu | Fax: 4419361
Tel: 01- 4445106 | Mob.: 9818565246.
E-mail: info@kmanpower.com | Web.: www.kmanpower.com



## हरिपुर्वा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरिपुर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०३/०३**

हरिपुर्वा वडा नं ६ को पशु सेवा केन्द्रदेखि पश्चिम धनकौल हुँदै श्यामबाबु रिजालको खेतसम्म कालोपत्रे कार्यको लागि मिति २०८१/०१/०९ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिका एवं www.bolpatra.gov.np/egp मा समेत प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपुर्वक विद्युतीय प्रणाली (E–Bidding) को माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सार्भुत रुपमा प्रवाहग्राही भई आर्थिक प्रस्ताव खोल्नको लागि छनौट भई निर्णय भए बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौ संशोधन) को नियम ३१ ज (५) को प्रयोजनार्य सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | आयोजनाको विवरण | आर्थिक प्रस्ताव खोलिने मिति, समय स्थान | कामको विवरण |
|---|---|---|---|---|
| १ | HRP/NCB/Works/01/2080-81 | हरिपुर्वा बडा नं ६ को पशु सेवा केन्द्रदेखि पश्चिम धनकौल हुँदै श्याम बाबु रिजालको खेतसम्म कालोपत्रे | 1. Panchkanya/Tirupati Balaji JV<br>2. SC/PNS J/V | मितिः २०८१/०३/१०<br>समयः दिउसो १:०० बजे<br>स्थानः हरिपुर्वा नगरपालिकाको कार्यालय, हरिपूर्वा सर्लाही |

प्रमुख प्रशासकिय अधिकृत



प्रदेश सरकार
खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
सुनसरी,
कोशी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

सुरक्षित पानी पिऊ, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका विधिः उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने, सोडिस गने आदि विधि प्रयोग गरेर पानी मात्र पिऔं । पानीका मुहान संरक्षण गरी । पिउने पानी चुहावट देखिएमा सरोकारवाला निकायमा जानकारी दिऔं । स्वच्छ पउिने पानी उपभोग गर्न पाउनु नागरिकको अधिकार हो ।

नियमित रुपमा साबुनपानीले हात धुंदा श्वासप्रश्वास एवं निमोनिया संक्रमण तथा झाडापखालामा कमी ल्याउन सकिने र इबोला, हेपाटाइटिस, सार्स जस्ता जीवाणुहरुद्वारा लाग्ने रोगबाट पनि बच्न सकिने हुँदा जोखिमपूर्ण अवस्थाहरु जस्तै चर्पी प्रयोग गरे पछि, बालवालिकाको दिशा धोएपछि, हात फोहोर भएपछि, खाना बनाउनु, खाना खानु र खुवाउनु अगाडि बाहिरबाट घर फर्किएपछि बिरामीको हेरचाह पछी साबुनपानीले नियमित रुपमा २० सेकेण्डसम्म मिचिमिचि हात धुने बानी बसालौं ।

खोक्दा हाछ्यु गर्दा कुहिनेले वा टिस्यु पेपरले नाक, मुख छोपौ । अनावश्यक रुपमा नाक, मुख, आंखा वा अनुहारलाई हातले नछोऔं ।

कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरी। घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीको स्रोत, पोखरी, ताल तलैया, नदि, समुदायिक वातावरण सफा र स्वच्छ राखौ ।



## युएईमा रोजगार
कम्पनी : GLOBAL EMIRATES SERVICES CO. LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०३/०२ चलानी नं.: ६०२२१२८१ LT. No.: 306554

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,६४० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barber | 1 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 3. | Bread And Pastry Workes | 1 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 4. | Butcher | 1 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 5. | Carpenter | 2 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 6. | Carpenter Assistant | 3 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 7. | Cleaner | 108 | 6 | | 900 | ३२,६८८ | | | | | | | |
| 8. | Cleaning Supervisor | 5 | 0 | | 1800 | ६५,३७६ | | | | | | | |
| 9. | Confectioner | 7 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 10. | Dishwasher | 32 | 0 | | 900 | ३२,६८८ | | | | | | | |
| 11. | Electrician | 4 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 12. | Electrician Assistant | 7 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 13. | Fruit And Vegetable Preserver | 6 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 14. | Head Waiter | 1 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 15. | Kitchen Helper | 88 | 0 | | 900 | ३२,६८८ | | | | | | | |
| 16. | Launderer | 19 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 17. | Life Guard | 1 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 18. | Light Vehicle Driver | 3 | 0 | | 2200 | ७९,९०४ | | | | | | | |
| 19. | Painter | 2 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 20. | Painter Assistant | 3 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 21. | Pastry Maker | 1 | 0 | | 2000 | ७२,६४० | | | | | | | |
| 22. | Plumber | 7 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 23. | Plumber Assistant | 2 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 24. | Restaurant Worker | 36 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 25. | Tailor | 1 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 26. | Waiter | 24 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |

कम्पनी : NATIONAL CORPORATION FOR TOURISM AND HOTELS शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/०२ चलानी नं.: ६०२२१२८२ LT. No.: 306402

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 30 | 0 | स. काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butcher | 5 | 0 | | 1800 | ६५,३७६ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 4. | Chamberman/chambermaid | 100 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 5. | Cleaning Supervisor | 5 | 0 | | 1800 | ६५,३७६ | | | | | | | |
| 6. | Cleaning Worker | 100 | 50 | | 900 | ३२,६८८ | | | | | | | |
| 7. | Foreign Food Cook | 10 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 8. | Labourer Of Kitchen | 100 | 0 | | 900 | ३२,६८८ | | | | | | | |
| 9. | Laundry Labour | 30 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 10. | Office Boy. | 50 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 11. | Pastries Maker | 5 | 0 | | 1500 | ५४,४८० | | | | | | | |
| 12. | Salad Maker | 5 | 0 | | 1300 | ४७,२१६ | | | | | | | |
| 13. | Site Supervisor | 5 | 0 | | 3500 | १२७,१२० | | | | | | | |
| 14. | Storekeeper | 5 | 0 | | 1800 | ६५,३७६ | | | | | | | |
| 15. | Waiter | 80 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 16. | Waitress | 0 | 20 | | 1200 | ४३,५८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | कामदारले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०
ROYAL AND PARTNERS Services Pvt. ltd.
Tokha -10, Kathmandu, Nepal | Phone no.: 15914938
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
Mobile: 9823401265 | 9813010593 | 9851327446



## यूएईमा रोजगारको अवसर | कम्पनी : CLEANCO CLEANING SERVICES CO
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०३/०२ चलानी नं.: ६०२२१२७३ LT. No.: 306631

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 800 | २९,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 863/066/067
Money Home Overseas Pvt. Ltd.
Tokha -10, Kathmandu, Nepal Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np



## SAUDI मा रोजगार | कम्पनी: NABAD AL-RAYYAN FOR REAL ESTATE SERVICE
शहर : Saudi Arabia,RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०३/०१ चलानी नं.: ६०२२११८४ LT. No.:306497

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1700 | ६०,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोनगारदाता र कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | कामदारले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Miracle Employment Service (P.) Ltd
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५



## मुल्य सूची

Jyoti Trading House द्वारा विक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंम्बर | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा विकी मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyoti Trading House | 603711602 | Refrigerator | Awai | AW100DG | 100 ltr. | 14,500/- | |
| | | | Refrigerator | Awai | AW100FLR | 100 ltr. | 14,500/- | |
| | | | Refrigerator | Awai | AW170FLR | 170 ltr. | 18,200/- | |

Jyoti Trading House | Kalimati , Kathmandu , Nepal, Ph: 01-5384654



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३ असार २०८१, सोमबार
17 June 2024, Monday

## सम्पादकीय

# नसुध्रिएको शासन

संविधानको व्यवस्था बमोजिम शनिबार सातै प्रदेश सरकारले बजेट ल्याएको छ । संविधानले १५ जेठमा संघीय संसद् र १ असारमा प्रदेश सरकारहरूले बजेट ल्याउनुपर्ने व्यवस्था गरेको छ । संविधानमै मिति उल्लेख भएपछि बजेट ल्याउन विलम्ब हुन छाडेको छ । यस्तो बाध्यकारी व्यवस्था नहुँदा बजेट नै ल्याउन नसकिने संकट मुलुकले खेप्ने गरेको थियो । तर बजेट ल्याउन सधैं हुने समस्या हल गर्न संविधानमै प्रष्ट व्यवस्था गरियो । २०७२ को संविधानमा भएको व्यवस्थाले बजेट नआउने समस्या हल भयो । तर बजेटले समेट्ने अन्तर्वस्तुबारे रहेको समस्या कायमै रह्यो । बजेटले समेट्नुपर्ने समुदाय र क्षेत्र बिर्सेर लोकप्रियतातिर हरेक सरकारले ध्यान गयो । आज पनि बजेट ल्याउँदा लोक रिझ्याइलाई मुख्य ध्यान दिइदै आएको छ ।

संघीय सरकारले लोक रिझ्याईँलाई ध्यान दिएपछि त्यसको सिको प्रदेश र स्थानीय सरकार हरूले गर्दै आएको छ । वितरणमुखी बजेट ल्याउने र त्यसैको आधारमा मत संकलन गर्ने उद्देश्य हरेकजसो दलले लिने गरेको छ । एकप्रकारले लोकरिझ्याईँप्रति दलहरूबीच प्रतिस्पर्धा नै चल्ने गरेको देखिन्छ । त्यसैले बजेट घोषणा भइरहँदा कर्मचारीको तलब बृद्धि, ज्येष्ठ नागरिकले पाउने भत्ता र अनुदानप्रति आमचासो जाने गरेको देखिन्छ । यसबाहेक बजेटको अर्को समस्या सांसदहरूलाई खुशी बनाउनेतर्फ सरकारको ध्यान जानु रहेको देखिन्छ । जबकी सांसदहरूले बाड्ने बजेटबारे चर्को आलोचना हुँदै आएको छ । सांसदले रोजेको आयोजनामा खर्च हुनेगरी बजेट बिनियोजन गर्दा दुरूपयोगको समस्या हुने गुनासो नौलो होइन ।

तर संघीय सरकार र प्रदेश सरकारले सांसदहरूलाई खुशी बनाउने विषय प्राथमिकतामा राखेको देखिन्छ । सांसदहरूलाई खुशी पार्नेगरी बजेट विनियोजन गर्दा संविधानको व्यवस्था भने पालना हुन सकेको देखिदैन । किनकि संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारबारे संविधानमा प्रष्ट व्यवस्था गरेको छ । साना आयोजना स्थानीय तहले, मझौला आयोजना प्रदेश सरकारले र संघले राष्ट्रिय तथा ठूला आयोजना सञ्चालन गर्ने संविधानको भावना हो । तर सांसदहरूलाई खुशी पारेर सरकार टिकाउने अनि वितरणमुखी बजेट विनियोजना गरेर भोट बटुल्ने चाहनाले संविधानको भावना अनुसार बजेट आउन सकेको छैन । आमनागरिक र सरोकारवालाहरूबाट पनि यसतर्फ आवश्यक ध्यान गएको देखिदैन । त्यसले गर्दा एक लाखको आयोजना पनि सिंहदरबारबाट विनियोजन हुने प्रवृत्ति कायमै छ ।

# बैंकिङ क्षेत्रमा सुशासनको सवाल

*बैंकिङ सुशासनका लागि सरोकारवाल सबै क्षेत्रबीच निरन्तर सम्बन्ध कायम हुनुपर्दछ । स्रोत, साधन र अवसरको समुचित व्यवस्थापन आवश्यक छ । वैधानिकता, उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचाररहित शासनको अवलम्बन जरुरी छ ।*

अग्रलेख



● कुसुम तिवारी पाठक




नेपालमा सन् १९८० देखि १९९० को दशकबाट संस्थागत सुशासनको सुरुवात भएको पाइन्छ । नेपालको नवौं योजनादेखि सुशासनलाई विकास प्रशासनको अवधारणसँग आवद्ध गरिएको छ । विश्वको तुलनामा नेपालको सुशासनको अवस्था कमजोर छ । बैंकिङ क्षेत्रको कुरा गर्दा विशेषगरी सहकारीमा सुशासनको अभावले धेरै सहकारी संस्थाहरूले सर्वसाधारणको अर्बौं रुपैयाँ निक्षेप फिर्ता गर्न सकेका छैनन् एकातर्फ भने अर्कोतर्फ लघुवित्तमा पनि समस्या देखिएको छ । नेपालमा राजनैतिक स्थिरता तथा दण्डहीनताको अभावले गर्दा पनि कर्मचारीतन्त्र जनमुखी हुन नसकेको, जवाफदेहिता, स्वतन्त्र न्यायपालिका, कुशलता, प्रभावकारिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा अपेक्षित सुधार देखिँदैन । यसको सोझो असर पनि वित्तीय क्षेत्रमा परेको छ । संस्थागत सुशासनका पक्षहरूलाई हेर्दा सार्वजनिक उत्तरदायित्व, चुस्त प्रशासन यन्त्र, आचरण र व्यवहारमा सुधार र सेवाग्राहीको हित पर्दछन् । वित्तीय क्षेत्रमा संस्थागत सुशासनको अभावको कारण नै विगत वि.सं. २०५८ तिर वित्तीय क्षेत्र सुधार कार्यक्रम, पुनर्संरचना, पुनर्संगठित, जस्ता कार्यहरू नेपाल राष्ट्र बैंकमार्फत सञ्चालन भएको थियो । व्यवसाय तथा कम्पनी सञ्चालनका लागि बनेका नीति नियम, ऐन, कानून तथा कार्यविधि संस्थागत सुशासन भन्ने गरिन्छ ।

संस्थागत सुशासन एक प्रक्रिया हो तसर्थ, संस्थाको संस्कृति, नीति नियम, कानुन, संस्थाको मूल्यमान्यता, जसले संस्थालाई निर्देशित र नियन्त्रित गर्दछ । संस्थागत सुशासनको लक्ष्य भनेको सेयरधनीहरूका अधिकारको संरक्षण गर्नु, पारदर्शिता प्रदर्शित गर्नु, सञ्चालक समितिलाई प्रभावकारी ढंगबाट काम गर्न प्रोत्साहित गर्नुको साथै, कानुनी मार्गदर्शनलाई एउटा संरचनाभित्र रहेर काम गर्ने अवस्था बनाउनु पनि हो । सुशासन भनेको अधिकारको समुचित प्रयोग हो । मितव्ययिता, प्रभावकारिता र दक्षताको आधारमा साधन र स्रोतको परिचालन । भविष्य परक तथा खुला नीति निर्माण, व्यावसायिक कर्मचारीतन्त्रको विकास, पारदर्शिता र उत्तरदायी सरकार, संयुक्त नागरिक समाज र कानुनी शासन नै सुशासन हो । जवाफदेहिता, वैधानिकता, सदाचारिता, समानता, आत्मशुद्धि र विकेन्द्रीकरण सुशासनका तत्त्वहरू हुन् ।

संस्थागत सुशासनको लागि बाफिया, कम्पनी ऐन, र राष्ट्र बैंकको एकीकृत निर्देशनमा धेरै कुराहरू उल्लेख भएको छ । सञ्चालकको आचरण, प्रमुख कार्यकारीले पार्टटाइम कार्य गर्न नहुने, एकभन्दा बढी संस्थाको सञ्चालक बन्न नपाउने, पदको दुरुपयोग गर्न नहुने, अभिलेख र प्रतिवेदन पूर्ण र दुरुस्त राख्नुपर्ने, गोपनीयता कायम, निष्पक्ष तथा समान व्यवहार, विवरण पेश आदि ।

बैंकिङ क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीको कारण एकातर्फ समस्याग्रस्त भएका प्रशस्त उदाहरण छन् भने अर्कोतर्फ प्रविधिको प्रयोगले समेत कार्यसञ्चालन जोखिम बढिरहेको छ । वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, सहकारी संस्थाहरूले सञ्चालन सम्बन्धी जोखिमको अपेक्षित न्यूनीकरण गर्न नसक्दा सर्वसाधारणको निक्षेप रकम अपचलन, कर्जा अपचलन, तथा दैनिकजसो हुने चेक बाउन्सको घटना भइरहेको छ । प्रहरी, सर्वसाधारण र सम्बन्धित क्षेत्रका जानकारहरूको भनाइअनुसार यस्ता खालका घटना हुनुमा एकातर्फ कमजोर अनुगमन नै हो भने अर्कोतर्फ कतिपय बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरू अन्य व्यापारमा पनि आबद्ध हुँदा उनीहरूले बैंकको रकम तथा स्रोत र साधनको दुरुपयोग सम्बन्धी समाचार नियमित जस्तो देखिन थालेको छ । वित्तीय सुशासनमा देखिएका चुनौतीहरूलाई हेर्दा, राजनैतिक अस्थिरता, जवाफदेहिता, पारदर्शिता, संस्थागत दक्षतामा कमी, कानुनी शासन र पारदर्शिता नारामा मात्रै सीमित रहेको, परिवर्तनलाई आत्मसाथ गर्ने प्रवृत्तिको कमी र लक्ष्य मापन गर्ने सूचक र मापदण्डको अभाव, कार्यरत कर्मचारीहरूमा सकारात्मक सोचको कमीको साथै,

> *बैंकिङ क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीको कारण एकातर्फ समस्याग्रस्त भएका प्रशस्त उदाहरण छन् भने अर्कोतर्फ प्रविधिको प्रयोगले समेत कार्यसञ्चालन जोखिम बढिरहेको छ । संस्थाहरूले सञ्चालन सम्बन्धी जोखिमको अपेक्षित न्यूनीकरण गर्न नसक्दा सर्वसाधारणको निक्षेप रकम अपचलन, कर्जा अपचलन तथा दैनिकजसो हुने चेक बाउन्सको घटना भइरहेको पाइन्छ ।*

समस्या समाधानतर्फ उन्मुखताको कमी नै देखिन आएको पाइन्छ ।

बैंक तथा वित्तीय क्षेत्रमा सुशासनको लागि चालिएका कदमहरू हेर्दा, नेपाल राष्ट्र बैंकबाट 'क', 'ख' र 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्थाले पालना गर्नुपर्ने संस्थागत सुशासन सम्बन्धी इ.प्रा. निर्देशन नं. ६/०७४ को व्यवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी एकीकृत निर्देशन समेत जारी गरिएको छ । बैंक तथा वित्तीय संस्थाको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैंक तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंक तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैंकिङ कसूर तथा सजायका सम्बन्धमा कानूनी व्यवस्था गर्न "बैंकिङ कसूर तथा सजाय ऐन, २०६४" समेत कार्यान्वयनमा रहेको छ ।

संवैधानिक निकाय लोकसेवा आयोगद्वारा बैंक कर्मचारीको पदपूर्ति (सरकारी स्वामित्वको बैंकमा), कर्जा असुली व्यवस्थाको लागि असुली न्यायधिकरणको स्थापना, गाभ्ने गाभिने विनियमावली, २०६८ तथा बैंक तथा वित्तीय संस्था प्राप्त गर्ने विनियमावली २०७० जारी भै कार्यान्वयनमा आएको, आर्थिक वर्ष २०७२/२०७३ देखि सबै वाणिज्य बैंकहरूमा पूर्णरूपमा जोखिममा आधारित सुपरीवेक्षण विधि लागू भएको, इनसाइट र आउटसाइड सुपरिवेक्षणलाई थप प्रभावकारी बनाएको, भाखा नाघेको कर्जालाई अन्तराष्ट्रिय मापदण्डअनुरूप पाँच प्रतिशतभन्दा तल झार्ने, प्रविधिको विकास तथा बाफियामा परिवर्तन भई २०६३ खारेज भई २०७३ लागू भएको । वासेल लागू भएको र प्रविधि मैत्री जनशक्तिको पूर्ति, कार्यसञ्चालन, कर्जा सञ्चालन, आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐनको लागू, लेखा म्यानुयल, लेखा परिक्षण म्यानुयल, लगानी नीति, कर्मचारी प्रशासन सम्बन्धी विनियमावली, गुनासो पेटिका, काउन्टर र भल्ट बिमा, नगद स्थानान्तरण बिमा, जोखिममा आधारित लेखा परिक्षण, जोखिम व्यवस्थापन विभाग, बैंकिङ कारोबारमा ग्राहक पहिचान विवरणको व्यवस्थालगायत वित्तीय क्षेत्रको सुशासनको क्षेत्रमा गरिएका व्यवस्थाहरू हुन् ।

बैंकिङ क्षेत्रलाई भरपर्दो र सुरक्षित बनाउन सुशासन आवश्यक भएको हुँदा यसको लागि चालिनुपर्ने आगामी कदमबारे चर्चा गरिनु आवश्यक छ । नेपालमा बैंकिङ सुशासनको क्षेत्रमा नीति नियमहरू प्रशस्त बनेको तर, कार्यान्वयनको अवस्था निकै कमजोर छ । संस्थागत सुशासनको लागि आफू कार्यरत संस्थाको अपनत्व ग्रहण अर्थात् यो संस्था मेरो आफ्नै हो र यसमा कुनै समस्या आएमा यो मेरो व्यक्तिगत र मलाई परेको समस्या हो भन्ने कुराको जबसम्म कर्मचारी, बैंक व्यवस्थापन र सञ्चालक समितिलाई बोध हुँदैन तबसम्म नीतिगत कुरा र यसको कार्यान्वयन मात्र पनि समस्याको समाधान होइन । बैंकिङ सुशासनका लागि निजी क्षेत्र, कर्मचारीतन्त्र, ट्रेड युनियन, मिडिया, स्थानीय प्रशासन, प्रहरी, नेपाल राष्ट्र बैंक र सरकारको महत्वपूर्ण भूमिका हुने हुँदा यी निकायहरूसँग निरन्तर सम्बन्ध कायम गर्नुपर्दछ । स्रोत, साधन र अवसरको समुचित व्यवस्थापन गर्नुपर्दछ । वैधानिकता, उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचाररहित शासनको अवलम्बन जरुरी छ ।

छरितो, सक्षम र प्रभावकारी सरकार, उदारीकरण, निजीकरण, व्यावसायिकता, मितव्ययिता सुशासनका पक्ष भएको हुँदा यसतर्फ जोड दिनुपर्दछ । समता, दिगोपन, जिम्मेवारीपना, एकता, शहनशिलता, संवेदनशीलता, चेतना आदि सुशासनका आधार हुन् । वित्तीय क्षेत्रमा सुशासनको अवस्था हेर्दा कमजोर संस्थागत व्यवस्था, सकारात्मक सोचको अभाव, अधिकार क्षेत्र नाघि काम गर्ने परिपाटीको विकास, अध्ययन अनुसन्धान बिना नै अरुको नक्कल गर्ने परिपाटी देखिन्छ । तसर्थ, सुशासनलाई प्रभावकारी बनाउन सूचना प्रविधिको विकास, सरकारी तथा गैरसरकारी संस्थाको सबलीकरण, भविष्य उन्मुख शासन प्रणालीको विकास र शासनमा नागरिक संस्थाको सहभागिता हुनुपर्दछ । वित्तीय क्षेत्रमा सुशासनका बाधक तत्वलाई हेर्दा, आपसी समझदारीमा कमी, राज्य शक्ति क्षय हुनु, विश्वसनीयतामै कमी, साधन र सीपको कमी, मनोवैज्ञानिक अवरोध, लोकप्रिय नारामा जोड आदि देखिन्छन् । तसर्थ, वित्तीय क्षेत्रमा देखिएको सुशासनको चुनौतीको सामना गर्न उपरोक्त पक्षहरूको कार्यान्वयन गर्नुपर्दछ भन्नेमा सबैको एक मत हुनु जरुरी छ ।

(लेखिका, बैंक तथा वित्तीय क्षेत्रकी अध्येता हुन् ।)

## सामाजिक सञ्जाल



**- बद्रि विनोद खनाल**

पत्रकार माहासंघको प्रत्यक्ष निर्वाचित केन्द्रीय सदस्य विवादमा फसेको छ । दुई महिना बित्दा पनि निर्वाचनको मिति तोक्न सकेन । प्राध्यापक, वारको देखासिकी डभुवरीमा फसेको छ । लाइसेन्सवाला अधिवक्ता र नियुक्ति वाला प्रध्यापक जस्तै पत्रकारको ठोस सदस्यता पद्धति नहुँदाको दुर्गति हो यो, ख्यालरहोस् ।



**- राधाकृष्ण कटवाल**

शिक्षकले राजनीतिक दलको सदस्य बन्नु र शैक्षिक संस्थाभित्र राजनीति गर्नु गलत हो । त्यसैले शिक्षा मन्त्रालयले सरकारी विद्यालयका शिक्षक र निजामती कर्मचारीका सन्तान अनिवार्य सरकारी विद्यालय मै पढाउनुपर्ने व्यवस्था ल्याए सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा मात्र नभई सबै समाधान हुन्छ ।



**- सौगात कंशकार**

हामी चुक्यो कहाँ ? नेपालमा भन्दा बढी अनौपचारिक अर्थतन्त्र थाइल्याण्ड, भारत, फिलिप्न्सि, क्याम्बोडियाको छ । नेपालमा भन्दा बढी भ्रष्टाचार थाइल्याण्ड, इन्डोनेशिया, फिलिपिन्स, श्रीलंका, टर्की, बंगलादेश, क्याम्बोडिया, लाओसमा छ । तर, अर्थतन्त्रमा नेपाल किन पछाडि ? विश्लेषकहरूको विश्लेषण खोइ ?



**- नवराज पन्त**

कुनै समयमा भोकमरीले तीन करोड मान्छे मरेको चीनले अहिले संसारलाई धान रोप्न सिकाउदैछ, विज्ञान र प्रविधिमा अग्रणी भएको बताउँदैछ । चीनले युरोपसँग विज्ञान सिक्यो, अमेरिकासँग पुँजीवादको नमूना सिक्यो र संसारको निम्ति सफलतापूर्वक लागु गऱ्यो । तर, हामीले भने यस्ता कुराको लाभ लिन सकेका छैनौं ।

# कम्युनिष्ट र समृद्धिको चाहना

विचार



● मेघराज भट्टराई

> *नेपालमा आज पनि वास्तविक कम्युनिष्ट विचार, नीति र सिद्धान्तअनुसार कुनै काम भएको छैन । कम्युनिष्ट भन्नेहरूले जनतालाई भ्रमित पारिरहेका छन् । नव कम्युनिष्टहरूले जनतालाई थप गिँजोलीरहेका छन् । सँगै नीति र व्यवहार फरक हुँदा कम्युनिष्ट हुनु र नहुनुमा फरक छैन ।*

हिजो आज अधिकांश नेपाली युवाहरूमा यो देश बिगारेको कम्युनिष्ट विचार दर्शनले हो, अब यसको काम छैन भन्ने जवरजस्त ह्वीम फैलाइएको छ । त्यो सत्यमा आधारित विचार होइन । यदि त्यसो हो भने राजा महेन्द्रको हत्या कसले गरायो ? यो देशका नदी नाला कलकारखाना कसले बेच्यो ? मदन भण्डारी जीवराज आश्रितहरूको हत्या कसले गरायो ? जमीम शाहलाई मिर्जा दिलसाद वेगलाई किन कसले माऱ्यो ? राजा वीरेन्द्रको वंशनाश कसले गरायो ? यो देशको यो दुर्दशा मार्क्सवादले होइन, भारतीय दलालहरूले गराएका हुन् । तत्कालीन राजा महेन्द्रले नेपाललाई समाजवादी गोरेटोमा हिँडाउन शुरु गरेका थिए । त्यसको अन्त्य कसले गऱ्यो ? वीरेन्द्रको वंश नास नेपाली सेनाको घेराभित्र भएको थिएन ? यहाँका कथित कम्युनिष्टहरूले विदेशीको जुठोपुरो खाने र उसैको भलो हुने काम गरेका होइनन् ?

नेपालमा आज पनि वास्तविक कम्युनिष्ट विचार, नीति र सिद्धान्तअनुसार कुनै काम भएको छैन । कम्युनिष्ट भन्नेहरूले जनतालाई भ्रमित पारिरहेका छन् । नव कम्युनिष्टहरूले जनतालाई थप गिजोलिरहेका छन् । सँगै नीति र व्यवहार फरक हुँदा कम्युनिष्ट हुनु र नहुनुमा फरक छैन ।

यो देशमा राष्ट्रसेवक कर्मचारी भनिनेहरू यो देशका सूचना बेच्छन्, यो देशका साधन स्रोत भारतलाई बुझाउन लागि पर्छन् । युरोपियन युनियनका कारिन्दा, सीआईएका र रअका कारिन्दाकै कारण यो देशले आफ्नो अस्तित्वको लडाईं लड्नु परेको छ । कम्युनिष्ट दर्शनले राष्ट्र, राष्ट्रियता प्राकृतिक साधन श्रोतको रक्षा र प्रयोग, सम्पदा संस्कृतिको रक्षा पनि कम्युनिष्टले नै गर्ने गर्छन् । तर, यहाँ कम्युनिष्ट को हो र गैर कम्युनिष्ट को हो चिन्न गाह्रो बनेको छ ।

आज दुर्गम गाउँको कुरा छोडौं तराईका गाउँ बस्ती खाली हुँदै छन् । गाउँमा मलामी छैनन्, खेतीपाती गर्ने पुरुष किसान छैनन् । भौतिक पूर्वाधारका लागि चाहिने दक्ष जनशक्ति छैनन्, कार्पेन्टर छैनन् । यो सब मार्क्सवादी दर्शनले गरेको होइन । यो सब यहाँको राज्य शक्तिका सञ्चालक विदेशिएका छाउराले गरेका हुन् । कामदारको ज्याला दैनिक न्यूनतम एक हजार पाँच रुपैयाँ गराऊँ । कर्मचारीको न्यूनतम ज्याला ४५ हजार मासिक गराउने हो भने को विदेश जान्छ ? पैसा तिरेर पनि लाइन बस्नुपर्ने विवशताको अन्त्य गरौँ । अस्पताल यस्तो ठाउँ हो की रोगी अशक्त विद्वान्हरूको लागि उपचार गर्ने ठाउँमा टिकट काट्न लाइन, डाक्टरलाई भेट्न लाइन, बिल काट्न लाइन, रिपोर्ट लिन लाइन, फेरि डाक्टरलाई रिपोर्ट देखाउन लाइन अनि औषधि किन्न लाइन । यो समस्या विकराल छ । निरोगी मान्छे नै ढल्ने स्थिति हुन्छ झन् यी बद्ध रोगीहरूको के हाल होला ? मालपोत, विद्युत, खानेपानी विभाग, कर कार्यालय, टेलिकम कार्यालय, बैंक सबै ठाउँको हाल यही हो । मात्रा फरक होला ।

जबसम्म हामीले जनतालाई केन्द्रमा राखेर सेवा र सुविधा दिँदैनौ तबसम्म हाम्रा कुराहरू फोस्रा हुनेछन् । हाम्रा नीतिहरू अर्थहीन हुनेछन् । नेपालको सन्दर्भमा कम्युनिष्ट पार्टीहरूले नीति र व्यवहारलाई फरक पार्दा समस्या भइरहेको छ । आफ्नै नीतिलाई तिलाञ्जलि दिँदा मुलुकले समृद्धि प्राप्त गर्न सकेको छैन ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | स्वास्थ्य राम्रो रहनेछ । शान्त र आनन्दित रहने योग छ । |
| वृष | : | विवादमा पर्ने योग छ । राजनैतिक क्षेत्रमा भने सहयोग प्राप्त हुनेछ । |
| मिथुन | : | धन-लाभमा कमी आउनेछ । अनावश्यक काममा समय खेर जानेछ । |
| कर्कट | : | कार्य सफल हुनेछ । जोखिम लिनु हुँदैन । |
| सिंह | : | पुरानो कार्यहरूको रोकावट समाप्त हुनेछ । शत्रु कमजोर हुने योग छ । |
| कन्या | : | सम्पर्कमा वृद्धि हुनेछ । झुठो आरोप लाग्न सक्छ । |
| तुला | : | अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक | : | नौलो मित्र बन्नेछन् । वाहन चलाउँदा सावधानी राख्नुपर्छ । |
| धनु | : | शुभ समाचार प्राप्त हुनेछ । धन वृद्धि हुने योग छ । |
| मकर | : | वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ मिल्नेछ । आहारमा ध्यान दिनुहोला । |
| मीन | : | अनावश्यक खर्चको योग छ । पारिवारिक सहयोग प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ‘समुदायमा बुबा कक्षा’ले सरोजलाई बनायो जिम्मेवार बुबा

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २ असार

बारबर्दिया नगरपालिका वडा नम्बर २ कुमरागाउँका २६ वर्षीय सरोज थारु आजभोलि छोरीको स्याहारसुसारमै बढी समय खर्चिन्छन्। प्रेम विवाह गरेका सरोजको पहिलो सन्तानको रुपमा १३ महिने छोरी छिन्। छोराछोरीलाई हुर्काउने र घरको कामकाज महिलाले मात्र गर्नुपर्छ भन्ने जस्ता गलत सामाजिक मान्यतालाई उनले लत्याउन थालेका छन्। आजभोलि सरोज छोरीलाई हेरचाह गर्ने होस् या घरको हरेक काममा श्रीमतीलाई सघाउन तत्पर रहन्छन्।

राधाकृष्ण थारु जनसेवा केन्द्र र प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित सशक्त बालिका परियोजनामार्फत सञ्चालन गरिएको ‘बुबा कक्षा’ले आफूलाई जिम्मेवार बन्न सिकाएको उनी बताउँछन्। दैनिक बिहानको समयमा श्रीमती र छोरीका लागि समय खर्च गर्ने तालिका उनले बनाएका छन्।

गर्भावस्थामा श्रीमतीलाई गरेको व्यवहारप्रति उनलाई पछुतो छ। गर्भावस्थामा श्रीमतीलाई गर्भ



जाँचका लागि एक्लै स्वास्थ्य संस्थामा पठाएको सम्झँदै उनी भन्छन्, ‘स्वास्थ्य संस्थाले बुबा बनेकोमा बधाई दिँदै गर्भ जाँचका बेला पठाएको बधाई अनि निमन्त्रणा कार्डको पनि कुनै वास्ता गरिनँ।’ त्यतिबेला स्वास्थ्य संस्थाले पठाएको त्यो बधाई अनि निमन्त्रणा कार्डको महत्व सरोजले समुदायमा ‘बुबा कक्षा’ सञ्चालन भएपछि बल्ल बुझे। उनी भन्छन्, ‘मलाई जिम्मेवार बनाउन पो स्वास्थ्य संस्थाले कार्ड पठाएको रहेछ। बुबाको जिम्मेवारी र छोराछोरी हुर्काउन बुबाको भूमिकाबारे केही थाहा थिएन, तर गाउँमा बुबाहरुका लागि सञ्चालन गरिएको कक्षामा सहभागी भएपछि बल्ल धेरै कुराहरु सिक्न पाएँ। बुबा कक्षाले मलाई जिम्मेवार बुबा बन्न सहयोग गर्‍यो।’

सरोज मात्र होइन आजभोलि गाँउका उनका दौंतरीहरु समेत कक्षामा सहभागी भएर जिम्मेवार बुबा बन्ने प्रयासमा लागिपरेका छन्। सशक्त बालिका परियोजनाअन्तर्गत संस्थाले जिल्लाको बारबर्दिया र ठाकुरबाबा नगरपालिकामा बालबालिकाको हेरचाह र घरको जिम्मेवारीहरुमा बुबा अर्थात पुरुष अभिभावकहरुको संलग्नतालाई बढाउने उद्देश्यले ‘बुबा कक्षा’ सञ्चालन गरिरहेको छ।

कक्षामा लैंगिकता, लिंगभेद र पुरुष, बुबा हुनुको सौभाग्य, स्वस्थ्य गर्भावस्था, गर्भवती जीवन साथीलाई सहयोग र साथ, शिशुको जन्म र बुबाको जिम्मेवारी, बालबालिकाहरूको हेरचाह, बालबालिका हुर्काउने कार्य, अपाङ्गता वा सीमितता भएका बालबालिकाको पहिचान, हेरचाह, स्वास्थ्य र सरसफाइ र विपदमा बुबाको भूमिकालगायतका विषयमा छलफलका माध्यमवाट सहजीकरण गरिने गरिएको परियोजना संयोजक मनोज पौडेलले बताए।


## साउदीमा रोजगार।
कम्पनी: AL-TAJ AL-AALI CONTRACTING COMPANY — शहर: AL RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२१९ — L.T. No.:306573

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: GAAF FOR TRADING EST. — शहर: AL RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२२० — L.T. No.:306574

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५६,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917

## साउदीमा रोजगारको अवसर
कम्पनी: BRANCH OF WISON ENGINEERING LTD — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२७० — LT. No.: 306558

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 50 | 0 | स. काममा दक्ष | 1200 | ४२,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Sinamangal -9, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-014593645/ 4593646/ 4593647
MOBILE:9851100134,9818819581,9804705263.
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## कुबेत, युएई र साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: PREP FOOD SUPPLIES COMPANY — शहर: KAIFAN
पूर्व स्वीकृत मिति: २०८१/०२/२५ — चलानी नं.: ६०२२०७२५ — L.T. No.:305986 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,२३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 10 | 0 | | 120 | ५२,१९० | | | | | | | |
| 3. | Commi 1. | 10 | 0 | | 150 | ६५,२३८ | | | | | | | |
| 4. | Cook | 10 | 0 | | 250 | १०८,७३० | | | | | | | |
| 5. | Labor | 10 | 0 | | 120 | ५२,१९० | | | | | | | |

कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०८/०४ — चलानी नं.: [illegible] — L.T. No.: 290613 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 52 | 17 | स. काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MAWARID SERVICES COMPANY LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: [illegible] — चलानी नं.: [illegible] — L.T. No.: 296251 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 143 | 0 | स. काममा दक्ष | 800 | २९,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: PLATINUM HANDS PACKING & REPACKING SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: [illegible] — चलानी नं.: [illegible] — L.T. No.: 303173 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer | 60 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Indoor Cleaners | 20 | 20 | | 800 | २९,०५६ | | | | | | | |

कम्पनी: DUBAI OASIS COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०२/०९ — चलानी नं.: ६०२१९८८१ — L.T. No.:305143 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ५४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
श्रम इजाजत नं. ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
०१-४९६०५७६, 9810101810, 9813916322. Email: futurestarmp397@gmail.com
Birtamod Jhapa Branch :- 023-543784 ,9816915286 9823145954
Pokhara Branch : 9805827782, 061-591418, 9826625997

## साउदीमा रोजगार
कम्पनी: SAMKHA BEVERAGE SERVING CORPORATION — शहर: Saudi Arabia,JEDDAH
पुर्व स्वीकृत मिति: २०८१/०३/०१ — चलानी नं.: ६०२२११७५ — L.T. No.:306480

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 9845502072 | 9861516453
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## साउदीमा रोजगार
कम्पनी: SAWAED AL TAMAYOZ TRADING EST. — शहर: Saudi
पुर्व स्वीकृत मिति: २०८१/०२/२९ — चलानी नं.: ६०२२०९९५ — L.T. No.:306331

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: AL SALEM TRANSPORT AND TOURISM — शहर: Saudi
पुर्व स्वीकृत मिति: २०८१/०२/२९ — चलानी नं.: ६०२२०९९७ — L.T. No.:306330

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 10 | 0 | स. काममा दक्ष | 1500 | ५३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: AYAT JAFER SHEKH MAHAMMED BREAD BAKERY — शहर: Saudi Arabia,dammam
पुर्व स्वीकृत मिति: २०८१/०२/२९ — चलानी नं.: ६०२२०९९८ — L.T. No.:306245

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Download Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४४६४११३, ४४९३१८०, फ्याक्स: ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: MODERN DISTINCTIVE ARAB ENERGY CONTRACTING COMPANY IS A ONE PERSON COMPANY — शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२६० — LT. No.:306582

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manufacturing Worker | 1 | 0 | | 1000 | ३५,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**Believable Overseas Pvt. ltd.**
Maharajgunj, Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

## साउदीमा रोजगार
कम्पनी: RAYAN MANSOUR SHARIF AL-MAAWI CONTRACTING EST — शहर: Saudi Arabia,Jeddah
पुर्व स्वीकृत मिति: २०८१/०३/०१ — चलानी नं.: [illegible] — LT. No.:306465

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## बहराइन र साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: ALEZZ TRADING CO. — शहर: Bahrain
पुर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२११ — L.T. No.: 306590

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 2 | 0 | स. काममा दक्ष | 150 | ५३,०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: WESTERN TASTE CAFE SERVING DRINKS — शहर: DAMMAM
पुर्व स्वीकृत मिति: २०८१/०२/१६ — चलानी नं.: ६०२२०३२१ — L.T. No.: 305532 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: SAUD JOYAD AL HARBI TRANSPORT CORPORATION — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/१२/२२ — चलानी नं.: ६०२१७८९५ — L.T. No.: 303096 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ABDUL MOHSEN MOHAMMED AL GHANIM SONS.CO. FOR READY MIX CONCRETE. — शहर: DAMMAM
पुर्व स्वीकृत मिति: २०८१/०२/११ — चलानी नं.: ६०२२०१४० — L.T. No.: 305386 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | loading And Unloading Worker | 15 | 0 | | 1000 | ३५,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**कस्मस नेपाल ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौं, फोन नं: ०१-४४४५७९३/४४४५७९४

## साउदीमा रोजगार
कम्पनी: Aldrees Petroleum & Transport Services Company — शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०९/०४ — चलानी नं.: ६०२११८०६ — LT. No. 296780 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING AND UNLOADING LABOUR | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Tuwayj Corner Factory for Industry — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/१०/०३ — चलानी नं.: ६०२१३१२४ — LT. No. 296780 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. १६३/०५६/०५७
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

## Qatar मा रोजगार
कम्पनी: KENZ DOHA HYPERMARKET — शहर: Qatar,Doha
पुर्व स्वीकृत मिति: २०८१/०३/०१ — चलानी नं.: ६०२२११७६ — LT. No.: 306501

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७५६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 7 | 0 | | 1600 | ५८५४४ | | | | | | | |
| 3. | Grocer | 3 | 0 | | 1300 | ४७५६७ | | | | | | | |
| 4. | General Clean Worker | 3 | 0 | | 1300 | ४७५६७ | | | | | | | |
| 5. | Cashier | 6 | 0 | | 1600 | ५८५४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**Empower Human Resources Management Pvt. Ltd**
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

## साउदीमा रोजगार।
कम्पनी: TAYYIBAT KHALUFAH MAINTENANCE & CLEANING EST. — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२८० — L.T. No.: 306570

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## साउदीमा रोजगार
कम्पनी: SULTANA KATEB SUBAIE AL-RUWAILI EST. FOR CONTRACTING ,EQUIPMENT RENTAL AND TRANSPORTATION — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२१७ — LT. No.: 306584

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**Al Sasha Overseas Pvt. Ltd.**
Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

## साउदीमा वैदेशिक रोजगार अवसर
कम्पनी: ALAM AND BIN COMPANY TO PROVIDE DRINKS — शहर: Saudi Arabia,Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०३/०१ — चलानी नं.: [illegible] — L.T. No.: 306490

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee (barista) | 9 | 0 | स. काममा दक्ष | 1400 | ४९,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: HEBRON MEDICAL COMPLEX — शहर: Saudi Arabia,Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२६५ — L.T. No.: 306491

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facilities Cleaning Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ASMAA AL-SHAMMARI TRANSPORT — शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२६६ — L.T. No.: 306611

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Unique Trades Worker | 6 | 0 | स. काममा दक्ष | 1400 | ४९,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: OTHER PIECE TRADING EST — शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२६७ — L.T. No.: 306515

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३९,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ११ गते (25 June 2024) मा हुनेछ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: RESTAURANT BY MUHAMMAD AHMAD AL-YAMANI TO SERVE MEALS — शहर: Saudi Arabia,alqunfudah
पूर्व स्वीकृत मिति: २०८१/०३/०१ — चलानी नं: ६०२२१२०४ — L.T. No.: 306477

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १६ गते (30 June 2024) मा हुनेछ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## युएईमा रोजगार
कम्पनी: THREE 65 SECURITY AND CLEANING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/०१ — चलानी नं.: ६०२१६५९५ — L.T. No.: 301708 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 35 | सम्बन्धित काममा दक्ष | 800 | २९०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Receptionist | 0 | 2 | | 1200 | ४३५८४ | | | | | | | |
| 3. | Lifeguard | 55 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 4. | Security Guard | 46 | 0 | | 1200 | ४३५८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## साउदीमा रोजगारको अवसर
कम्पनी: SANABLI SWEETS BAKERIES — शहर: DAMMAM
पुर्व स्वीकृत मिति: २०८१/०२/२२ — चलानी नं.: ६०२२०६५२ — L.T. No.:305882 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 5 | 0 | | 1000 | ३५,५६० | | | | | | | |
| 3. | Bus Driver | 1 | 0 | | 1800 | ६४,००८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असार १४ गते (28 June 2024) हुनेछ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Sinamangal-9,kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 014566771, 014566772, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## कुवेतमा रोजगार
कम्पनी: HOLK GENERAL CLEANING CONTRACTING COMPANY BUILDINGS CITIES AND ROADS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१२३० — LT. No.: 306495

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४३,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | light Driver | 2 | 0 | | 140 | ६०,८८९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १० गते (24 June 2024) मा हुनेछ।

**BAIBHAV OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं। फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७,९७४५९४२०८७. Email: baibhav.ovs@gmail.com

# ब्लोदानले मनायो विश्व रक्तदाता दिवस




काठमाडौं/मस-'रक्तदान उत्सवको दुई दशक, सम्पूर्ण रक्तदाताहरुलाई धन्यवाद' नाराका साथ विश्व स्वास्थ्य संगठनले आह्वान गरेअनुरुप शुक्रबार संसारभर नै विश्व रक्तदाता दिवस २०२४ भव्यरुपले सम्पन्न भएको छ। सोही अवसरमा ब्लड डोनर्स एशोसिएसन नेपाल (ब्लोदान)ले पनि सप्ताहप्यापी कार्यक्रम गरेर विश्व रक्तदाता दिवस मनाएको छ।

ब्लोदानका केन्द्रीय अध्यक्ष ई. सानु बाबु प्रजापतिको सभापतित्वमा र ब्लोदानका संरक्षक एवम् वरिष्ठ सञ्चार उद्यमी भाष्कर राज राजकर्णिकारको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रमका अतिथिहरुमा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय अध्यक्ष प्रा.डा. सुदर्शन प्रसाद नेपाल, विशेष अतिथि ब्लोदानका संस्थापक तथा वरिष्ठ सल्लाहकार सूर्यकुमारी श्रेष्ठ, अतिथि तथा जनस्वास्थ्य कार्यालय काठमाडौंका डा. अर्जुन प्रसाद सापकोटा, पूर्वप्रदेश सांसद नरोत्तम बैद्यलगायत ब्लोदानका वरिष्ठ सल्लाहकारहरु, सल्लाहकारहरु, विभिन्न ब्लड बैंकका प्रमुखहरु, सहयोगी संस्थाका प्रमुखहरु थिए। साथै कार्यक्रममा ब्लोदानका विभिन्न तहका पदाधिकारीहरुलगायत रक्तदाताहरु र रक्तदान गर्ने संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

विश्व स्वास्थ्य संगठनले आह्वान गरेअनुरुप ब्लोदानले सन् २००४ देखि नै साप्ताहिक कार्यक्रम गर्दै यो दिवस मनाउँदै आएको छ। यसैअनुरुप ब्लोदानले यस वर्ष पनि विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्दै जेठ २६ गते साइकल र्‍याली, २७ गते हस्पिटलका प्रतिनितिहरुबीच अन्तक्रिया तथा २८ गते विद्यालयस्तरीय चित्रकला प्रतियोगिता तथा महिला अन्तरक्रिया, २९ गते विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, ३० गते बुधबार रक्तदान कार्यक्रम र ३२ गते अर्थात १४ जुनका दिन काठमाडौंको नेपा बैंक्वेटमा एक समारोह गरी सम्पूर्ण रक्तदान गर्ने संघसंस्थाहरु र रक्तदाताहरुलाई धन्यवाद दिने कार्यक्रम सम्पन्न गरेको छ।

उक्त कार्यक्रममा रक्तदाता अभिवृद्धि गर्न उत्प्रेरणा जगाउन विभिन्न विधाअन्तर्गतका १२ वटा रनिङ शिल्ड वितरण गरिएको थियो भने विभिन्न २९ जना रक्तदाताहरुलाई पटकको आधारमा सिल्भर, गोल्डेन तथा डायमण्ड पीनले सम्मान गरिएको थियो। त्यसैगरी ब्लोदानको आह्वानमा रक्तदान गरेका संस्थाहरुलाई तथा ब्लड फण्डमा सहयोग गर्नेलाई पनि सम्मान गरिएको थियो।

